नेपाल सरकार

**प्रदेश प्रमुख**
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

## फागुपूर्णिमा (होली) पर्व, २०८२ को शुभकामना सन्देश

नेपालीहरूको विशेष पर्व फागुपूर्णिमा (होली) को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सुदूरपश्चिम प्रदेशवासीसहित सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको र दुराचारमाथि सदाचारको विजय भएको खुसियालीमा सम्पूर्ण रिसराग परित्याग गरी प्रेमभाव र आत्मियताकासाथ खुसी एवम् हर्षोल्लासपूर्वक आफन्तजन र साथीहरूसँग अवीर तथा रंग दलेर हरेक वर्ष फागुन शुक्ल पूर्णिमाका दिन पहाड तथा हिमाली जिल्लाहरूमा एवम् त्यसको भोलिपल्ट तराई तथा भित्री मधेशका जिल्लाहरूमा साँस्कृतिक मौलिकताका साथ फागु पूर्णिमा (होली) पर्व मनाउने गरिन्छ। होली पर्वलाई "वसन्त पर्व" तथा "रङ्ग पञ्चमी" पनि भनिन्छ।

बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त हाम्रो नेपाली समाजमा यस्ता पर्वहरूले विभिन्न जातजाति र समुदायको आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण, संवर्द्धन र विकासमा टेवा पुर्‍याउनुका साथै सामाजिक सद्भाव, सहिष्णुता र बन्धुत्त्वको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन योगदान पुर्‍याउनेछ भन्ने विश्वास मैले लिएको छु।

अन्तमा, यस पर्वले हामी सबै नेपालीहरूमा खुशीका रंगहरू छर्दै नयाँ उमंग र हौसलाका साथ सम्पूर्ण नेपालीहरूबीच आपसी विश्वास, प्रेम र एकतालाई प्रगाढ बनाउदै मुलुकको प्रगतिमा अग्रसर हुन सवैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!
मिति २०८२ फागुन १८ गते सोमवार।

नजिर मियाँ
प्रदेश प्रमुख

**नजिर मियाँ**
**प्रदेश प्रमुख**